**05 December 2024**

**आकाशवाणी**

**मुख्य समाचार**

- **श्री देवेन्द्र फडणवीसले तेस्रोपल्ट गर्नुभयो महाराष्ट्रका मुख्यमन्त्रीको रूपमा शपथ ग्रहण**
- **झारखण्डका मुख्यमन्त्री श्री हेमन्त सोरेनले गर्नुभयो आफ्नो मन्त्रिमण्डलको विस्तार**
- **भुटान नरेश र प्रधानमन्त्री श्री मोदीले द्विपक्षीय हितका विषयमा गर्नुभयो चर्चा**
- **विभिन्न चुनौतीबाट किसानलाई जोगाउन समयानुकुल योजना बनाउन कृषि वैज्ञानिकहरूलाई राष्ट्रपतिको आग्रह,**
- **इसरोले प्रोबा-3 उपग्रहसहित PSLV C59 प्रक्षेपण यानको गऱ्यो सफलतापूर्वक प्रक्षेपण**
- **पुरुष जुनियर हकी एसिया कपको उपाधि भारतले जित्यो, प्रधानमन्त्रीले दिनुभयो बधाई**

**महाराष्ट्र शपथ ग्रहण**

भारतीय जनता पार्टीका वरिष्ठ नेता श्री देवेन्द्र फडणवीसले आज तेस्रो पल्ट महाराष्ट्रका मुख्यमन्त्री पदको शपथ ग्रहण गर्नुभयो। राज्यपाल श्री सीपी राधाकृष्णनले उहाँलाई मुम्बईको आजाद मैदानमा बेलुकी आयोजित भव्य शपथ ग्रहण समारोहमा पद तथा गोपनीयताको शपथ ग्रहण गराउनु भयो। उहाँसितै शिवसेनाका श्री एकनाथ शिन्दे अनि राष्ट्रवादी कंग्रेस पार्टीका श्री अजित पवारले उपमुख्यमन्त्री पदको शपथ ग्रहण गर्नुभयो। यस अवसरमा प्रधानमन्त्री श्री नरेन्द्र मोदी लगायत केन्द्र सरकारका मन्त्रीहरू, विभिन्न एनडीए शासित राज्यका मुख्यमन्त्री एवम् अन्य गण्यमान्य व्यक्तित्वहरूको विशेष उपस्थिति रहेको थियो।

**झारखण्ड मन्त्रिपरिषद् विस्तार**

झारखण्डका मुख्यमन्त्री श्री हेमन्त सोरेनले आज आफ्नो मन्त्रिमण्डल विस्तार गर्नुभएको छ। राँचीको राजभवनमा आयोजित एक समारोहमा राज्यपाल श्री सन्तोष कुमार गंगवारले मन्त्रीहरूलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराउनुभयो। मन्त्रिपरिषदमा ११ जना मन्त्रीहरु थपिएका छन् । जसमा झारखण्ड मुक्ति मोर्चाका ६, कंग्रेसका ४ र आरजेडीका १ जना मन्त्री रहेका छन् । यसअघि राज्यपालले झारखण्ड मुक्ति मोर्चाका वरिष्ठ नेता श्री स्टीफन मराण्डीलाई विधानसभाका अस्थायी अध्यक्ष नियुक्त गर्नुभएको थियो। श्री हेमन्त सोरेनले 28 नोभेम्बरको दिन झारखण्डका मुख्यमन्त्रीको रूपमा शपथ ग्रहण गर्नुभएको थियो।

**प्रधानमन्त्री - भुटान**

भुटान नरेश श्री जिग्मे खेसर नामग्याल वाङ्चुक अनि महारानी जेट्सन पेमा वाङ्चुकले आज नयाँ दिल्लीमा प्रधानमन्त्री श्री नरेन्द्र मोदीसँग भेटवार्ता गर्नुभयो। श्री मोदीले भुटानको प्रगति र क्षेत्रीय विकासका सम्बन्धमा भुटान नरेशको दृढ संकल्पको प्रशंसा गर्नुभयो। प्रधानमन्त्रीले दुवै देश आफ्नो अद्वितीय अनि दिगो मित्रताका लागि प्रतिबद्ध रहेको बताउनु भएको छ। भुटान नरेश र महारानी दुई दिने भारत भ्रमणमा आज बिहान नयाँ दिल्ली आइपुग्नु भएको हो। विदेशमन्त्री डा एस. जयशंकरले उहाँलाई विमानस्थलमा स्वागत गर्नुभएको थियो।

**राष्ट्रपति ओडिशा**

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले प्राकृतिक प्रकोप, जलवायु परिवर्तन र प्राकृतिक स्रोतको दुरुपयोग जस्ता चुनौतीबाट किसानलाई जोगाउन वर्तमान समयानुकुल नयाँ योजना बनाउन कृषि वैज्ञानिकहरूलाई आग्रह गर्नुभएको छ। कृषि क्षेत्र र किसानलाई सशक्त बनाउन अत्याधुनिक ड्रोन प्रविधि, रिमोट सेन्सिङ, आर्टिफिसियल इन्टेलिजेन्स र न्यानो प्रविधिको प्रयोग गर्नुपर्ने उहाँले बताउनु भयो। भुवनेश्वरमा आज बिहान ओडिशा कृषि एवम् प्रौद्योगिकी विश्वविद्यालयको ४०औँ दीक्षान्त समारोहलाई सम्बोधन गर्दै राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले देशका लागि नयाँ योजना बनाउँदा कृषि वैज्ञानिकहरूले माटोको स्वास्थ्य, वातावरण, माटो संरक्षण र प्राकृतिक स्रोतको उचित प्रयोगमा ध्यान दिनुपर्ने बताउनु भयो। उहाँले विगत केही दशकमा भारतले कृषि क्षेत्रमा उल्लेख्य वृद्धि हासिल गरेको र अन्य देशमा खाद्यान्न र कृषि उपकरण निर्यात गरिरहेको बताउनु भयो। कृषिमैत्री हावापानी, दक्ष जनशक्ति, उर्वर जमिन र अत्याधुनिक प्रविधि भएकाले भारतले कृषि उत्पादनमा थप वृद्धि गर्न सक्ने राष्ट्रपतिको भनाइ थियो । कृषि र कृषकको उन्नतिबाट मात्रै देशले सन् २०४७ सम्ममा विकसित राष्ट्र बन्ने लक्ष्य हासिल गर्न सक्ने उहाँले बताउनु भयो। राष्ट्रपति श्रीमती मुर्मु मंगलबारदेखि आफ्नो गृह राज्य ओडिशाको पाँच दिने भ्रमणमा हुनुहुन्छ ।

**ISRO - PSLV C59 प्रक्षेपण**

भारतीय अन्तरिक्ष अनुसन्धान संगठन इसरोले आज श्रीहरिकोटाको सतीश धवन अन्तरिक्ष केन्द्रबाट प्रोबा-३ उपग्रह बोकेको **PSLV C59** प्रक्षेपण यान सफलतापूर्वक प्रक्षेपण गरेको छ। प्रक्षेपण यानले श्रीहरिकोटाबाट अपरान्ह ४ बजेर 4 मिनेटमा उडान लिएको थियो । प्रक्षेपण पछि, इसरोले भनेको छ, **PSLV-C59** ले युरोपेली अन्तरिक्ष एजेन्सीको प्रोबा-**3** उपग्रहलाई कक्षमा सफलतापूर्वक स्थापित गरेको छ।

प्रोबा-३ युरोपेली अन्तरिक्ष एजेन्सीको महत्वपूर्ण कार्यक्रम हो जसअन्तर्गत दुईवटा उपग्रह अन्तरिक्षमा पठाइएको छ।

आजको सफल प्रक्षेपण भारतीय अन्तरिक्ष अनुसन्धान संगठनले न्यू स्पेस इन्डिया लिमिटेड मार्फत लागू गरेको एउटा महत्त्वपूर्ण व्यावसायिक कदम हो। **PSLV-C59** उडान लिएको १८ मिनेटपछि आफ्नो तोकिएको कक्षमा पुग्यो र ५४५ किलोग्रामका दुईवटा उपग्रहलाई पृथ्वीबाट 6 सय किलोमिटर माथि सफलतापूर्वक स्थापित गऱ्यो। यी दुवै उपग्रहले सूर्यको बाह्य वायुमण्डलको अध्ययन गर्नेछन्।

**लोक सभा स्थगित**

लोकसभामा भारतीय जनता पार्टीका सांसद श्री निशिकान्त दुबेले कंग्रेसका वरिष्ठ नेताहरूमाथि लगाएको आरोप र हिंसाको विषयमा विपक्षी दलको होहल्लाका कारण सदनको कारबाही भोलिसम्मका लागि स्थगित भएको छ । पहिलो पटक स्थगित भएपछि सदनको कार्यवाही सुरु हुँदा रेलमन्त्री श्री अश्विनी वैष्णवले रेलवे संशोधन विधेयक २०२४ माथि जवाफ दिने प्रयास गर्नुभयो । तर विपक्षी सांसदहरुले नाराबाजी जारी राखेपछि सदनको बैठक दिनभरिका लागि स्थगित भएको हो।

**राज्यसभा-विमान विधेयक**

अर्कोतिर, भारतीय वायुयान विधेयक 2024 माथि आज राज्यसभामा फेरि चर्चा सुरु भएको छ। लोकसभाले अघिबाटै यो विधेयकलाई पारित गरिसकेको छ। विधेयकले कुनै पनि विमानको डिजाइन, निर्माण, मर्मतसम्भार, बिक्री, निर्यात तथा आयातलाई नियमबद्ध गर्न र विमान सञ्चालनको सुरक्षाका लागि नियमहरू बनाउने अधिकार केन्द्र सरकारलाई दिएको छ।

**जयशंकर-भारत 100 सम्मेलन**

विदेशमन्त्री डा सुब्रमण्यम जयशंकरले भारत अन्य अर्थव्यवस्थाका लागि उपभोक्ता बजार मात्र बन्न चाँहदैन भन्नुभएको छ। आज नयाँ दिल्लीमा आयोजित **भारत एट 100** शिखर सम्मेलनलाई सम्बोधन गर्दै डा. जयशंकरले भन्नुभयो, वैश्विक समूह र उद्योगहरू बजारको लागि मात्र होइन, आफ्नो प्रतिभाको लागि पनि भारतमा आउँदैछन्। विदेशमन्त्रीले भारतले चीनसँग स्वस्थ व्यापार सम्बन्ध चाहेको तर त्यसमा निर्भर हुन नचाहेको बताउनु भयो । उहाँले रुसबाट आयात हुने प्राकृतिक स्रोतको हिसाबले युरोपेली देशहरू, अस्ट्रेलिया, ब्राजिल र इन्डोनेसियासँग भरपर्दो साझेदार बन्न पुगेको बताउनु भयो। उहाँले उल्लेख गर्दै भन्नुभयो, रुसको व्यापार पछिल्लो केही वर्षदेखि पश्चिमबाट टाढिएको छ, तर भारतले औषधि, समुद्री र कृषि क्षेत्रमा आफ्नो व्यापार सुधार गर्न रूसी नेतृत्वलाई दबाउ दिइरहेको छ।

**महिला क्रिकेट**

महिला क्रिकेटमा अष्ट्रेलियाले भारतलाई तीन म्याचको एकदिवसीय सिरिजको पहिलो म्याचमा पाँच विकेटले पराजित गरेको छ । भारतले दिएको १०१ रनको लक्ष्यलाई अष्ट्रेलियाले 17 ओभरमा पुरा गरेर जित दर्ता गऱ्यो । सिरिजको दोस्रो खेल ८ दिसम्बरको दिन ब्रिसबेनमा हुनेछ ।

**हकी भारत**

पुरुष जुनियर हकी एसिया कपको उपाधि भारतले जितेको छ । ओमानको मस्कटमा गएराति भएको फाइनलमा भारतले आफ्नो चिर प्रतिद्वन्द्वी पाकिस्तानलाई तीनका विरुद्ध पाँच गोलले पराजित गरेर उपाधि जितेको हो । यो जितसँगै भारतले यो महादेशीय प्रतियोगितामा पाँचौं पल्ट उपाधि जितेको छ । यसअघि भारतले सन् २००४, २००८, २०१५ र २०२३ मा यो च्याम्पियनसिप जितेको थियो । प्रधानमन्त्री श्री नरेन्द्र मोदीले जुनियर एशिया कप २०२४ को उपाधि जित्न सफल भएको भारतको पुरुष जुनियर हकी टीमलाई बधाई दिनुभएको छ।

**मुख्य समाचार फेरि एकपल्ट**

- **श्री देवेन्द्र फडणवीसले तेस्रोपल्ट गर्नुभयो महाराष्ट्रका मुख्यमन्त्रीको रूपमा शपथ ग्रहण**
- **झारखण्डका मुख्यमन्त्री श्री हेमन्त सोरेनले गर्नुभयो आफ्नो मन्त्रिमण्डलको विस्तार**
- **भुटान नरेश र प्रधानमन्त्री श्री मोदीले द्विपक्षीय हितका विषयमा गर्नुभयो चर्चा**
- **विभिन्न चुनौतीबाट किसानलाई जोगाउन समयानुकुल योजना बनाउन कृषि वैज्ञानिकहरूलाई राष्ट्रपतिको आग्रह,**
- **इसरोले प्रोबा-3 उपग्रहसहित PSLV C59 प्रक्षेपण यानको गऱ्यो सफलतापूर्वक प्रक्षेपण, अनि**
  **पुरुष जुनियर हकी एसिया कपको उपाधि भारतले जित्यो, प्रधानमन्त्रीले दिनुभयो बधाई**